**कार्यपालिका बैठक सख्या- ११** मितिः- २०८१।१२।२१

आज मिति २०८१।१२।२१ गते विहिवारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको ११ (एघारौं) बैठक निंम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

स्थानः- गाउँपालिकाको कार्यालय, ।

समयः- विहानको ९:०० बजे।

**उपस्थितिः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल चौधरी | सदस्य | नेपाल |
| ५ | श्री हृदय बिकास चौधरी | सदस्य | |
| ६ | श्री तिलकराम कडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री बलिमाया कमिनी | सदस्य | बलीमाया |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री मिना सुनार | सदस्य | मिना |
| १३ | श्री रुन्नती देवी पाण्डे | सदस्य | रुन्नती |
| १४ | श्री टंक बहादुर विश्वकर्मा | सदस्य | |
| १५ | श्री मजिबुर्रहमान मिया | सदस्य | |
| १६ | श्री हिमलाल पौडेल | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रित सदस्यः-**

| | | | |
|---|---|---|---|
| १ | भक्त प्रसाद अधिकारी | प्रशासन शाखा प्रमुख | |
| २ | बोधराज भुसाल | सहायक पाचौं | |
| ३ | हरिहर बेलबासे | शिक्षा अधिकृत | |
| ४ | नारायण प्र. उपाध्याय | एन आई. टि अपरेटर | |
| ५ | लक्ष्मण घिमिरे | आइटी officer | |
| ६ | गिर्जा पति चौधरी | का. स. | |
| ७. | दिनेश शाह | " " | हाजिर |

आ.व.२०८१।०८२

**कार्यपालिका बैठक सख्या- ११** मिति:- २०८१।१२।२१

## निर्णयहरु

**निर्णय नं.१-** मिति २०८१।१०।२९ गतेको बैठक नं.१० का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो ।

**निर्णय नं.२-** भुमि सम्बन्धि समस्या समाधानका लागि केन्द्रिय आयोग तथा जिल्ला समितिबाट भएका निर्णय, पत्र, परिपत्र बमोजिमका कामकार्वाही तोकिए बमोजिम सम्पन्न गर्न गाउँपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३-** आधारभूत सेवा अस्पतालमा कार्यरत डाक्टरहरुलाई छात्रवृति करार स्वास्थ्यकर्मी सम्बन्धि निर्देशिका २०७२ को अनुसुचि ३ को १ बमोजिम सो पदले पाउने अन्य सुविधा अन्तर्गत रात्रीकालिन डियुटी तथा अतिरिक्त समयमा काम गरेवापत प्रति महिना रु. ३४०००।–(अक्षरुपि चौतिस हजार रुपैयाँ), ईन्टरनेट तथा सञ्चार सुविधा वापत प्रति महिना रु. ३५००।– (तिन हजार पाँच सय), ईन्धन वाप प्रति महिना रु. ३५००।– (तिन हजार पाँच सय), भान्से तथा सहयोगी प्रति महिना रु १००००।– (अक्षरुपि दश हजार रुपैयाँ मात्र) गरी जम्मा रु ५१०००।– (एकाउन्न हजार रुपैयाँ) अतिरिक्त सुविधा उपलब्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४-** गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिको लागि एकै प्रकारको औपचारिक पोशाक बनाउने र सोको लागि बजेट सुनिश्चितता गरी कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.५** सुरक्षा गार्ड नियुक्ति सम्बन्धमा आधाभूत अस्पतालमा कार्यरत सुरक्षा गार्ड दिपक खडका क्षेत्रीले राजिनामा दिनुभएको र अस्पतालमा २ जाना सुरक्षा गार्ड आवश्यक रहेकाले यस कार्यालयको विज्ञापन नं.९/२०८१-२०८१ को बैकल्पिक सूचिमा रहेका लालजीवन थारु (चौधरी) लाई हाल सुरक्षा गार्डले पाएको सेवा सुविधा उपलब्ध गराउने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.६-** विद्यालय अनुगमन, निरिक्षण तथा सत्यापन सम्बन्धि कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७-** स्वास्थ्य शाखा बाट पेश गरिएको कुष्ठरोग सम्बन्धि कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८-** मिति २०८१।०९।२३ गतेको कार्यापालिका बैठक नं.७ को निर्णय नं.११ को क्र.सं.१ मा श्री दुर्गा मन्दिरमा झ्याल ढोका जडानलाई संसोधन गरी रंगरोगन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९-** जिल्ला भलिवल संघ कपिलवस्तुको च.नं १५ मिति २०८१।१२।१७ गतेको प्राप्त पत्रानुसार यस विजयनगर गाउँपालिकाबाट प्रतिनिधित्व हुने गरी महिला भलिवल टिम र पुरुष भलिवल टिम लाई मिति २०८१।१२।२७ देखी २०८१।१२।३० गते सम्म हुने प्राचिन कपिलवस्तु कप कपिलवस्तु जिल्ला अन्तरपालिका स्तरिय पुरुष तथा महिला भलिवल प्रतियोगिता २०८१ मा सहभागि हुन पठाउनका लागि शिक्षा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने र सहभागि हुन गएवापत लाग्ने खर्च खेलकुद सहयोग शिर्षक कार्यक्रमबाट विल भरपाई अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल:-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | मिझुनिया गाउँमा दयाराम चमारको घर नजिकको ईनार मर्मत | विजयनगर-४,मिझुनिया | ईनार मर्मत सम्भार | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम तथा अनुदान सहयोग |
| २ | कपिलवस्तु सर्पदंश उपचार केन्द्र | बुद्धभुमि-२, गोरसिङ्गे | वाटर फिल्टर खरिद | जिन्सि शाखाबाट खरिद गरी उपलब्ध गराउने | |

शेषराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आ.व.२०८१।०८२

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

CamScanner

**कार्यपालिका बैठक सख्या- ११** **मितिः- २०८१।१२।२१**

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | फरेना शिवरात्री मेला सञ्चालन समिति | विजयनगर-६,फरेना | शिवरात्री मेला सञ्चालन सहयोग | रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कति संरक्षण |
| ४ | श्री शिव मन्दिर व्यवस्थापन समिति | शिवराज न.पा-१,धानखोला | महाशिवरात्री मेला तथा विविध साँकृतिक कार्यक्रम आयोजनार्थ सहयोग | रु. २०,०००।– (विस हजार रुपैयाँ मात्र) | |
| ५ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५,पिपरी | रामनवमि २०८१ को अवसरमा विशाल झाकी कार्यक्रम तथा भण्डारा सहयोग | रु. ७५,०००।– (पचहत्तर हजार रुपैयाँ मात्र) | |
| ६ | श्री राम जानकी मन्दिर व्यवस्थापन समिति | विजयनगर-३, जगदिशपुर | शिवरात्री भण्डारा सहयोग | रु. १०,०००।– (दशस हजार रुपैयाँ मात्र) | |
| ७ | श्री विष्णु महायज्ञ संचानल समिति | विजयनगर-६, थानखजाहनी | विष्णु महायज्ञ संचानलनार्थ सहयोग | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | |
| ८ | श्री बुद्धभुमि उद्योग बाणिज्य संघ कपिलवस्तु | गोरुसिङ्गे कपिलवस्तु | चौथो बुद्धभुमि कृषि, व्यापारिक, सास्कृतिक पर्यटन तथा औधोगिक प्रदशनी मेला- २०८१ | रु. २५,०००।– (पचिस हजार रुपैयाँ मात्र) | |
| ९ | कपिलवस्तु जिल्ला फुटवल संघ | बाणगंगा कपिलवस्तु | खुल्ला राष्ट्रिय फुटवल प्रतियोगिता २०८१ सञ्चालानार्थ | रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| १० | जय नेपाल स्पोर्टस क्लब | कृष्णनगर-२ कपिलवस्तु | कृष्णनगर नाईट क्रिकेट टुनामेन्ट सिजन २ संञ्चालन | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | |
| ११ | कपिलवस्तु कालिका यूवा क्लब | कपिलवस्तु तौलिहवा | भारतको न्यू दिल्लीमा हुने कल्ब क्रिकेट प्रतियोगितामा सहभागी हुन | रु. २०,०००।– (विस हजार रुपैयाँ मात्र) | |
| १२ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) | संघीय कार्यालय काठमाडौं | फोनिज आठौं संघीय महाधिवेशन-२०८१ आयोजनार्थ सहयोग | रु. ३०,०००।– (तिस हजार रुपैयाँ मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कृति संरक्षण |
| १३ | दलित सांस्कृतिक संरक्षण समिति | विजयगनर-७,गणेशपुर | संस्कृति संरक्षण सम्बन्धि सामाग्री | जिन्सि शाखाबाट खरिद गरी दिने | दलित सांस्कृतिक संरक्षणका लागि सहयोग कार्यक्रम |
| १४ | टेकनाथ काफ्ले | विजयनगर-७ मानपुर | दैनिक जिवनयापनका लागि खाद्यान्न सहयोग | रु. २०,०००।– (विस हजार रुपैयाँ मात्र) | सामाजिक सुरक्षा आर्थिक सहायता तथा स्वास्थ्य विमा प्रवर्दन कार्यक्रम |
| १५ | नेपाल बाल संगठन | जिल्ला कार्य समिति कपिलवस्तु | बालगृहको संचालन तथा व्यवस्थापन वापत सहयोग | रु.१,००,०००।– (एक लाख रुपैयाँ मात्र) | विविध खर्च |
| १६ | ईलाका प्रहरी कार्यालय गणेशपुर कपिलवस्तु | विजयनगर-७, गणेशपुर | सवारी साधन मर्मत सहयोग | रु.१,००,०००।– एक लाख रुपैयाँ | प्रशासन सम्बन्धि सुरक्षा सहयोग कार्यक्रम |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आ.व.२०८१।०८२

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

CamScanner

**कार्यपालिका बैठक सङ्ख्या- १२** मितिः- २०८१।१२।२७

आज मिति २०८१।१२।२७ गते बुधवारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको १२ (बाह्रौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

स्थानः- गाउँपालिकाको कार्यालय, ।

समयः- विहानको ९:०० बजे।

**उपस्थितिः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल चौधरी | सदस्य | |
| ५ | श्री हृदय बिकास चौधरी | सदस्य | |
| ६ | श्री तिलकराम कडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री बलिमाया कमिनी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री मिना सुनार | सदस्य | |
| १३ | श्री रुन्नती देवी पाण्डे | सदस्य | |
| १४ | श्री टंक बहादुर विश्वकर्मा | सदस्य | |
| १५ | श्री मजिबुर्रहमान मिया | सदस्य | |
| १६ | श्री शोभाराम रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रित सदस्यः-**

| | | | |
|---|---|---|---|
| १ | हिरालाल पौडेल | प्रशासन शाखा प्रमुख | |
| २ | हिमकान्त आचार्य | लेखा अधिकृत | |
| ३ | नारायण अर्याल | प्र. अ. [illegible] | |
| ४ | सविता सुनार | क. स. | |
| ५ | राधिका पासी | का. इ. | |
| ६ | रवि प्रताप यादव | प्र. क. अ. | |

**कार्यपालिका बैठक सख्या- १२** मितिः- २०८१।१२।२७

## निर्णयहरु

**निर्णय नं.१** - मिति २०८१।१२।२१ गतेको बैठक नं ११ का निर्णयहरु उपर समिक्षा तथा छलफल गरियो।

**निर्णय नं.२** - विजयनगर गाउँपालिका अन्तर्गतका गाउँब्लक जग्गाको लागि नापि कार्यालय संगको सहकार्य लाई असार मसान्त सम्म मात्र गर्ने निर्णय गरियो।

**निर्णय नं ३** - प्राकृतिक विपद जस्तै आगलागि, बाढीका कारण घर डुबान, भुकम्प आदीका कारण व्यक्तिका महत्वपुर्ण कागजात जन्म दर्ता, मृत्यू दर्ता, बसाईसराइ, विवाह दर्ता, सम्बन्ध विच्छेद पत्र, नागरिकता, पासपोर्ट, आदि लगायतका कागजात जली वा नष्ट भई प्रतिलिपी प्राप्त गर्दा वडा कार्यालयबाट गरिने सिफारिस वा दर्ता नि-शुल्क गर्ने निर्णय गरियो।

**निर्णय नं.४** – विजयनगर गाउँपालिकाका जनप्रतिनिधिहरु कार्यपालिका सदस्य, वडा सदस्य ज्यूहरुको लागि अन्तर स्थानियतह अवलोकन भ्रमण मिति २०८१।१२।३० गते देखी बढीमा ७ दिनको हुनेगरी स्विकृती निर्णय गरियो।

**निर्णय नं. ५** - विजयनगर गाउँपालिकाको शसर्त अनुदान (कृषि तर्फ) को शिर्षक नं २२५२२ को किसान सूचिकरण कार्यक्रम संचालन गर्न आवश्यक जनशक्ति को व्यवस्थापन अमेरीकी सहयोग नियोग, जी.टु.जी अन्तर्गत रही करारमा कार्यरत कर्मचारीहरुलाई उपयोग गर्ने र यसै कार्यक्रमबाट दोहोरो नपर्नेगरी सहजकर्ताको पारिश्रमीक दिने निर्णय गरियो।

**निर्णय नं. ६** - विजयनगर गाउँपालिका शिक्षा समितिको मिति २०८१/१२/२१ गतेको निर्णय बमोजीम नेपाल सरकार समानिकरण अनुदान क्र.स. २६४ खर्च शिर्षक ३११५९ बाट खर्चहुने गरि तपशिलका विद्यालयलाइ तपशिल बमोजिमको रकम दिने निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

तपशिलः-

| क्र.स | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री लौटनराम द्रोपदी देवि मा.वि विजयनगर -७ | २ लाख | वाउण्डरी वाल निर्माण |
| २ | श्री त्रिनेत्र माध्यमिक विद्यालय विजयनगर -७ | २ लाख | पोखरी पटान |
| ३ | श्री जनज्योति आ.वि. विजयनगर -४ शंकरपुर | २ लाख | कोठाको छाना परिवर्तन (टिनको छाना) |
| ४ | श्री मदरसा हनफिया रजविया, विजयनगर -३ पत्थरदेइया | १ लाख | तल्ला थप गर्ने |
| ५ | श्री महाकालि आ.वि. विजयनगर -४ | २ लाख | वाउण्डरी वाल निर्माण |
| ६ | श्री मदरसा अहले सुन्नत फैजाने गौसिया प्रा. वि, विजयनगर -७ | २ लाख | वाउण्डरी वाल निर्माण |
| ७ | श्री कामना आधारभूत विद्यालय, विजयनगर -१ जवावैराठ | १ लाख | अफिस र कक्षाकोठा व्यवस्थापन |

**निर्णय नं. ७** - विजयनगर गाउँपालिका शिक्षा समितिको मिति २०८१/०९/०१ गते प्रविधि मैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच,समावेशीकरण र गुणस्तर सुधार परियोजनामा तपसिलका विद्यालयहरुलाई विनियोजित रकमको योजनामा निम्नानुसार संसोधन गर्ने निर्णय गरियो।

तपशिलः-

| क्र.स | विद्यालयको नाम | रकम | हुनुपर्ने |
|---|---|---|---|
| १ | श्री जामिया रजिविया लिलवनत विजयनगर- ४ | ४ लाख | रंगरोगन तथा पलास्टर |
| २ | श्री मदरसा हनफिया रजविया पत्थरदेइया विजयनगर-३ | २.५ लाख | तल्ला थप गर्ने |

शौभिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आ.व.२०८१।०८२

श्रीपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

# कार्यपालिका बैठक सख्या- १२

मिति:- २०८१।१२।२७

**निर्णय नं. ८-** आ.व.२०८१/०८२ को वार्षिक नीति,कार्यक्रम तथा बजेट अन्तर्गतको क्र.सं.३२३ खर्च शिर्षक २२५२२ मा रहेको **वडाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रोत्साहन कार्यक्रम** शिर्षकलाई संसोधन गरी अध्यक्ष कप २०८१ का लागि वडा नं.४ अध्यक्षक कप व्यवस्थापन शिर्षक कायम गरी ४ नं. वडा कार्यालयको सिफारिसका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९-** मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तुको च.नं.२६४६ मिति २०८१।१२।१४ गतेको पत्रबाट इन्भटर तथा व्याट्री उपलब्ध गराइदिन लेखि आएको हुँदा मागमा आधारित साना पूर्वाधार कार्यक्रम शिर्षकबाट रु.३,५०,०००।– (तिन लाख पचास हजार रुपैयाँ) विनियोजन गरी इन्भटर तथा व्याट्री जडान गरिदिने निर्णय गरियो ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका